# स्थानीय राजपत्र

दिप्रुङ चुइचुम्मा गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ८, दिप्रुङ चुइचुम्मा गाउँपालिका, याङसोलाटार, खोटाङ असोज ०९ गते, २०८२ साल, (संख्या १)


# भाग २

दिप्रुङ चुइचुम्मा गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

याङसोलाटार, खोटाङको सूचना

## प्रारम्भिक बालविकास केन्द्र व्यवस्थापन कार्यविधि २०८२

### प्रस्तावनाः

दिप्रुङ चुइचुम्मा गाउँपालिका भित्र प्रारम्भिक बालविकास केन्द्र कक्षाहरु कानुन बमोजिम स्थापना,सञ्चालन र व्यवस्थापन गरी सञ्चालनमा एकरुपता र नियमनमा ल्याई प्रारम्भिक बाल विकास शिक्षाको गुणस्तर सुधार गर्ने उदेश्यले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ज) र दफा १०२ को उपदफा (२) ,दिप्रुङ चुइचुम्मा गाउँपालिका शिक्षा ऐन, २०७७ (दोस्रो संशोधन, २०८०) को परिच्छेद ७, दफा ३८, उपदफा (१),(२),(३),(४),(५) ले दिएको अधिकार बमोजिम दिप्रुङ चुइचुम्मा गाउँपालिकाको कार्यपालिकाले यो कार्यविधि बनाई लागू गरेको छ ।

परिच्छेदः- १

प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

क) यो कार्यविधिको नाम “**दिप्रुङ चुइचुम्मा प्रारम्भिक बालविकास केन्द्र व्यवस्थापन कार्यविधि, २०८२**” रहेको छ।

ख) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशित भएको मितिबाट लागु हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा,

क) “ऐन” भन्नाले दिप्रुङ चुइचुम्मा गाउँपालिका शिक्षा ऐन, २०८० लाई सम्झनु पर्छ।

ख)“कार्यपालिका” भन्नाले दिप्रुङ चुइचुम्मा गाउँपालिकाको कार्यपालिका सम्झनु पर्छ ।

ग) “अध्यक्ष” भन्नाले दिप्रुङ चुइचुम्मा गाउँपालिका अध्यक्ष सम्झनु पर्छ ।

घ) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले दिप्रुङ चुइचुम्मा गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

ङ) “शाखा” भन्नाले दिप्रुङ चुइचुम्मा गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखा सम्झनु पर्दछ ।

च) “शाखा प्रमुख” भन्नाले दिप्रुङ चुइचुम्मा गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख सम्झनु पर्दछ ।

छ)“प्रारम्भिक बालविकास केन्द्र” भन्नाले तीन बर्ष देखि पाँच वर्ष उमेरका बालवालिकाहरुका लागि आधारभूत शिक्षाको एक अंशका रुपमा कक्षा एकमा प्रवेश हुनु अघिको शिक्षा दिने प्रयोजनका लागि स्थापित शैक्षिक संस्था सम्झनु पर्दछ ।

ज) “सहजकर्ता” भन्नाले प्रारम्भिक बालविकास केन्द्रका बालवालिकालाई सिकाई पूर्व तयारीका लागि सहजीकरण गर्न नियुक्त सहजकर्ता वा शिक्षक सम्झनु पर्दछ ।

झ)“समुदाय” भन्नाले बालविकास केन्द्र रहेको गाउँ, टोलको विकासमा क्रियाशिल विभिन्न संघ, संस्था वा व्यक्तिहरुको समुह सम्झनु पर्दछ । यस शब्दले विद्यालय र विद्यालय व्यवस्थापन समिति समेतलाई जनाउँछ ।

ञ)“शिक्षा समिति” भन्नाले दिप्रुङ चुइचुम्मा गाउँपालिकाको गाउँ शिक्षा समिति सम्झनु पर्दछ ।

परिच्छेदः-२

३. केन्द्र स्थापनाः

क) कुनै व्यक्ति वा संस्थाले केन्द्र स्थापना गर्न चाहेमा अनुमतिको लागि आवश्यक कागजात, राजस्व तिरेको भौचर र सम्बन्धित वडा कार्यालयको सिफारिस सहित शैक्षिक सत्र सुरु हुनु भन्दा कम्तिमा दुई महिना अघि अनुसूची १ बमोजिमको ढाँचामा गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा निवेदन दिनु पर्नेछ । पहिलो एक पटकका लागि यो कार्यविधि स्वीकृत भएको पन्ध्र दिन भित्र शाखाले अनुमतिका लागि निवेदन पेश गर्न सूचना प्रकाशित गर्नेछ ।

ख) उपदफा (क) बमोजिम निवेदन पर्न आएमा गाउँ शिक्षा समितिले त्यस्तो निवेदनका सम्बन्धमा स्थलगत अनुगमन र जाँचबुझ गर्दा निवेदक वा संस्थालाई केन्द्र स्थापना गर्न गाउँपालिकाले तोकेको मापदण्ड तथा प्रक्रिया पुरा गरी अनुमति दिन मनासिब देखिएमा शैक्षिक सत्र सुरु हुनुभन्दा कम्तिमा दुई महिना अघि अनुसुची २ बमोजिमको ढाँचामा अनुमति दिन सक्नेछ ।

ग) उपदफा (ख) बमोजिम अनुमति प्राप्त केन्द्र यस कार्यविधिमा तोकिएका आधारहरु बमोजिम सञ्चालन भएको नपाइएमा शिक्षा समितिले त्यस्तो केन्द्रलाई दिएको अनुमति जुनसुकै बखत रद्ध गर्न सक्नेछ ।

घ) केन्द्र स्थापनाका लागि निवेदकले आफ्नो निवेदनमा देहायका कुराहरु खुलाएको हुनुपर्नेछ ।

- केन्द्रमा भर्ना हुन आउने बालबालिका (जन्मदर्ताको प्रतिलिपि सहित) को प्रस्तावित (न्युनतम १० जना) र उमेर समुह ।
- स्थानीय अभिभावकको छलफल बैठक निर्णय, समिति गठन तथा निजहरुको अपेक्षा ।
- केन्द्र हाताभित्र र बाहिर बालबालिकाहरुलाई उपलब्ध गराईने सेवा सुविधा तथा सिकाई प्रक्रिया ।
- सुरक्षित, स्वच्छ र शान्त शैक्षिक वातावरणको सुनिश्चितता।
- नजिकका दुई वटा केन्द्र/विद्यालयको सहमति पत्र ।
- सहजकर्ताको शैक्षिक योग्यता तथा तालिम खुल्ने कागजातका प्रमाणित प्रतिलिपि ।
- समिति सदस्यहरुको नागरिकता प्रमाणपत्रका प्रतिलिपि सहितको विवरण ।
- केन्द्र स्थापना गर्न चाहिने भौतिक तथा शैक्षिक पूर्वाधार र आर्थिक स्रोत सम्बन्धि विवरण ।

४. केन्द्रका लागि पूर्वाधारः केन्द्र स्थापना गर्नका लागि देहायका पूर्वाधारहरु हुनुपर्नेछ ।

क) फराकिलो खुला, शान्त र सुरक्षित भवन तथा सिकाई कुना सहितको कक्षाकोठा ,खेलमैदान र शौचालय ।

ख) बालबालिका खेल्न तथा सबै बालबालिका एकै पटक प्रार्थना गर्न पुग्ने पर्याप्त आँगन र जग्गा ।

ग) बालबालिकाको संख्याको (न्यूनतम १० जना) आधारमा खेल तथा सिकाई सामग्री।

घ) सफा र स्वच्छ खानेपानी ।

ङ) पोषणयुक्त दिवा खाजा खुवाउने भान्सा घर ।

च) सुरक्षाको उचित प्रबन्ध भएको ।

छ) सहजकर्ताको प्रचलित कानुन अनुसार व्यवस्था भएको ।

५. केन्द्रको नामकरणः केन्द्रले नामकरण गर्दा राष्ट्रिय वा स्थानीय महत्वको भौगोलिक, धार्मिक वा ऐतिहासिक स्थल, राष्ट्रिय विभुति तथा शिक्षा क्षेत्रमा महत्वपुर्ण योगदान गरेको शिक्षाप्रेमी तथा संचालक संस्था आदिको नामबाट सञ्चालन गर्ने गरी नामकरण गर्नुपर्नेछ । केन्द्रको नाम नेपाली वा राष्ट्र भाषामा मात्रै हुनेछ र विदेशी भाषामा नाम राख्न र परिवर्तन गर्न पाईने छैन । कुनै एक नामको केन्द्र दर्ता भइसकेकोमा सोही नाममा अर्को केन्द्र दर्ता हुन सक्ने छैन ।

६. जरिवानाः

क) अनुमति नलिई कसैले पनि प्रारम्भिक बालविकास केन्द्र सञ्चालन गर्न पाईने छैन । यो कार्यविधि जारी हुनु अघि कानुनी प्रक्रिया पुरा नगरिकन/अनुमति विना नै सञ्चालनमा रहेका त्यस्ता प्रारम्भिक बालविकास केन्द्रले जरिवाना स्वरुप दश हजार रुपैया राजस्व बुझाएर एक महिनाभित्र सञ्चालन अनुमतिका लागि आवश्यक प्रक्रिया पुरा गरी अनुमति लिई अभिलेखीकरण भई सक्नुपर्नेछ । यसरी तोकिएको म्यादभित्र सञ्चालन अनुमति लिएर अभिलेखीकरण हुन नसकेका केन्द्रका बारेमा उजुरी परेमा प्रमुख प्रशासकीय अधिकृतले छानबिन गरी/गराई दोषी ठहर भएमा संचालकलाई थप बिस हजार जरिवाना गर्न सक्नेछ ।जरिवाना पश्चात एक शैक्षिक शत्रभित्र अनुमति लिई अभिलेखिकरण नभएमा केन्द्र स्वतः खारेज हुनेछ ।

ख) वडा कार्यालयको सिफारिसमा गाउँपालिकाले निजी लागानीमा संचालित केन्द्रले उपलब्ध गराएको सेवा सुविधाको आधारमा लिन पाउने शुल्कको अधिकतम सीमा तोक्न सक्नेछ।निजी लगानीमा संचालित केन्द्रले गाउँपालिकाले तोके भन्दा बढी शुल्क लिएको पाएमा प्रमुख प्रशासकीय अधिकृतले छानविन गराई दोषी ठहर भएमा संचालकलाई बिस हजार रुपैयासम्म जरीवाना तोक्न सक्नेछन ।

## परिच्छेदः-३

## ७. गाउँ शिक्षा समितिको काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था

गाउँपालिकाभित्र रहेका प्रारम्भिक बालविकास केन्द्रको ब्यवस्थापन र विकासका लागि गाउँ शिक्षा समितिको देहाय बमोजिमको काम,कर्तब्य र अधिकार हुनेछ । यस सम्बन्धी कामकाज गर्दा समितिमा तपसिलका व्यक्ति/संस्थालाई विज्ञको रुपमा आमन्त्रण गर्न सकिनेछ ।

तपसिल

- अध्यक्ष, स्थानीय बालअधिकार समिति

- सामाजिक विकास शाखा अन्तर्गतका शाखा प्रमुखहरु (स्वाथ्य र महिला बालबालिका)
- बालकल्याण अधिकारी
- प्रारम्भिक बालविकास शिक्षा बिज्ञ
- केन्द्रको ब्यबस्थापन समितिका अध्यक्षमध्ये प्रमुखबाट मनोनित

**गाउँ शिक्षा समितिको काम,कर्तव्य र अधिकारः**

क) राष्ट्रिय तथा प्रदेश नीति ,रणनीति, कार्यक्रमसँग तादाम्यता हुने गरी प्रारम्भिक बालविकासको स्थानीय नीति, रणनीति र कार्यनीति तर्जुमा गर्ने ।

ख) प्रमुख कार्यान्वयनकर्ताको रुपमा प्रारम्भिक बालविकासका कार्यक्रमहरुको कार्यान्वयनका लागि आवश्यक स्रोत र साधनको व्यवस्थापन गर्न समन्वय र सहजीकरण गर्ने ।

ग) वडा स्तरमा कार्यक्रम सञ्चालन गर्न कार्यक्रमको खाका तयार गरी लागु गर्ने ।

घ) प्रारम्भिक बालविकास शिक्षाका लागि आर्थिक स्रोतको ब्यवस्थापन गर्ने ।

ङ) स्थानीय तहमा प्रारम्भिक बालविकास र शिक्षाका क्षेत्रमा मानव स्रोत विकास , व्यवस्थापन तथा परिचालनको सुनिश्चता गर्ने ।

च) सवै सरोकारवालाहरुसंगको समन्वयमा कार्यक्रमको अनुगमन तथा मुल्याङ्कन गर्ने।

छ) प्रारम्भिक बालविकास सम्बन्धी सम्पूर्ण कार्यको समन्वय, कार्यान्वयन तथा अनुगमन गर्ने/गराउने ।

## ८. गाउँपालिकाको काम,कर्तव्य र अधिकार

यस गाउँपालिकाको काम,कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) केन्द्र सञ्चालन गर्न गाउँ शिक्षा समितिको निर्णय बमोजिम नियमानुसार अनुमति दिने।

ख) केन्द्रको क्षमता तथा पूर्वाधार विकासका लागि विविध कार्यक्रम सञ्चालन गर्ने ।

ग) केन्द्रको नक्साङ्कन गरी आवश्यकता अनुसार एकीकरण गर्न र थप गर्न सिफारिस गर्ने।

घ) महिनामा कम्तिमा एक पटक केन्द्रहरुको निरीक्षण र अनुगमन गर्ने व्यवस्था मिलाउने ।

ङ) सहजकर्तालाई अनिवार्य आधारभूत तालिमको ब्यवस्था गर्ने र आवश्यकता हेरी समय समयमा क्षमता विकास तालिममा सहभागी गराउने ।

च) बालविकास शिक्षा सम्बन्धी अतिरिक्त क्रियाकलाप गराउने ।

छ) समय समयमा अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गर्ने ।

## ९. बालविकास केन्द्र व्यवस्थापन समिति गठनः

१. बालविकास केन्द्र सञ्चालन, व्यवस्थापन र रेखदेखका लागि प्रत्येक केन्द्रमा देहाय बमोजिमको प्रारम्भिक बाल विकास केन्द्र व्यवस्थापन समिति रहनेछ ।

क) अभिभावकहरु मध्येबाट छानिएको एक जना - अध्यक्ष

ख) वडा अध्यक्षले तोकेको महिला वडा सदस्य एक जना- सदस्य

ग) अभिभावक आमाहरु मध्येबाट छानिएको दुई जना- सदस्य

घ) नजिकको वा मातृ सामुदायिक विद्यालयका प्र.अ. एक जना- सदस्य

ङ) शिक्षा, युवा तथा खेलकुद शाखाको प्रतिनिधी एक जना-सदस्य

च) सम्बन्धित केन्द्रको सहजकर्ता वा बालविकास शिक्षक- सदस्य सचिव

२) उपदफा (१) मा जुनसुकै कुरा उल्लेख गरेको भएता पनि सरकारबाट नियमित अनुदान पाउने विद्यालयमा संचालित केन्द्र र यो कार्यविधि जारी हुँदाका बखत समुदायमा मातृ विदयालय तोकि सोही विद्यालय मातहत सञ्चालन रहेका बालविकास केन्द्रको हकमा सम्बन्धित विद्यालयको विद्यालय व्यवस्थापन समिति नै केन्द्र ब्यवस्थापन समितिको कार्य गर्नेछ ।

३. मनोनित पदाधिकारीको पदावधि र बैठक पदेन बाहेक मनोनित पदाधिकारीको पदावधि दुई बर्षको हुनेछ ।समितिको बैठक तीन महिनामा कम्तिमा एक पटक बस्नेछ ।समितिको बैठकको कार्यविधि समिति आफैले निर्धारण गर्नेछ ।

## १० बालविकास केन्द्र व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः

प्रारम्भिक बालविकास केन्द्र व्यबस्तापन समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ।

क) केन्द्रको सम्पत्तिको रेखदेख र संक्षरण गर्ने/गराउने ।

ख) केन्द्रमा सुरक्षित, शान्त शैक्षिक वातावरण सिर्जना गर्ने ।

ग) केन्द्रको शैक्षिक गतिविधिको नियमित अनुगमन गर्ने ।

घ) केन्द्रमा मापदण्ड बमोजिमका भौतिक तथा शैक्षिक पूर्वाधार विकास गर्ने ।

ङ) बालबालिकाको तथ्याङ्क, शैक्षिक गतिविधि र केन्द्र सञ्चालन गतिविधिको प्रतिवेदन तयार गरी गाउँपालिकामा पेश गर्ने ।

च) गाउँपालिकाबाट तोकिएको अन्य कार्य सम्पादन गर्ने ।

छ) बालअधिकारको कार्यान्वयन हुने गरी केन्द्र सञ्चालन गर्ने गराउने ।

## परिच्छेद- ४

## ११. बालविकास/सहजकर्ता नियुक्ति प्रक्रिया

बालविकास/सहजकर्ता नियुक्ति प्रक्रिया देहाय बमोजिमम हुनेछ ।

क) विद्यालय व्यवस्थापन समितिले मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा SEE र एक महिने (३० कार्य दिन) को प्रारम्भिक बालविकास तालिम पूरा गरेको उम्मेदावारबाट दरखास्त आह्वान गरी देहाय बमोजिम गर्नुपर्ने छ । तोकिएको न्यूनतम शैक्षिक योग्यता र तालिम भन्दा माथिल्लो योग्यता भएका ब्यक्तिहरुले समेत दरखास्त दिन सक्नेछन। यो कार्यविधि जारी हुनु पूर्व कार्यरतको हकमा उल्लेखित योग्यता लागू हुने छैन तर तालिम हाँसिल गरेको हुनु पर्नेछ ।

ख) समितिले प्रचलित नियमानुसार कम्तिमा पन्ध्र दिनको सार्वजनिक सूचना प्रकाशित गरी योग्यता पुगेका इच्छुक उम्मेद्वारबाट निवेदन आह्वान गर्नु पर्नेछ ।

ग) बालविकास शिक्षक/सहजकर्ता छनौट गरी नियुक्तिका लागि सिफारिस गर्न विद्यालय/केन्द्र व्यवस्थापन समितिको अध्यक्षको संयोजकत्वमा, शिक्षा शाखा प्रमुख वा निजले तोकेको अधिकृत प्रतिनिधि ,दुई जना विषय विज्ञ र मातृ विद्यालयको प्रधानाध्यापक वा केन्द्र संचालित विद्यालयको प्रधानाध्यापक सदस्य सचिव रहने गरी पाँच सदस्यीय छनौट समिति रहनेछ । विद्यालय/केन्द्र व्यवस्थापन समितिले सिफारिस गरेका उम्मेद्वारलाई प्रचलित कानुन बमोजिम करार सम्झौता गराई कामकाजमा लगाउनेछ ।

घ) बालविकास शिक्षक/सहजकर्ता छनौटका लागि गाउँपालिकाले स्वीकृत गरेको प्रारम्भिक बालविकास शिक्षक छनौट पाठ्यक्रम, २०८२ अनुसार २०० पूर्णाङ्क लिखित परीक्षा (सामान्य परीक्षा पूर्णाङ्क १०० र विषयगत परीक्षा १००) र अन्तरवार्ता २५ पूर्णाङ्क (अन्तरवार्ता १५ अङ्क, शैक्षिक योग्यता वापत ५ अङ्क र तालिम वापत ५ अङ्क) सञ्चालन गरी उच्चतम अङ्क प्राप्त गर्ने उम्मेद्वारलाई सिफारिस गरिनेछ ।

## १२. सहजकर्ताको योग्यता

बालविकास शिक्षक/सहजकर्ता हुन देहाय बमोजिमको योग्यता पुगेको हुनुपर्नेछ ।

क) नेपाली नागरिक

ख) मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा SEE उत्तिर्ण वा एक महिने (३० कार्य दिनको) प्रारम्भिक तालिम पूरा गरेको । तोकिएको न्यूनतम शैक्षिक योग्यता र तालिम भन्दा माथिल्लो योग्यता भएका व्यक्तिहरुले समेत दरखास्त दिन सक्नेछन् ।

ग) अठार बर्ष उमेर पुरा गरी चालिस बर्ष ननाघेको ।तर यो कार्यविधि लागूहुनु पूर्व देखि गाउँपालिकाको कुनै विद्यालय वा केन्द्रमा कार्यरत शिक्षक/कर्मचारीको हकमा यस कार्यविधि बमोजिम हुने पहिलो विज्ञापनमा एक पटकका लागि उमेरको हद लाग्ने छैन।

घ) विवाहित महिलालाई ग्राह्यता

ङ) अन्य कुनै कानुनले अयोग्य नठहरीएको ।

## १३. केन्द्रको बालविकास शिक्षक/सहजकर्ताको काम,कर्तव्य र अधिकार

केन्द्रको बालविकास शिक्षक/सहजकर्ताको काम,कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

क) केन्द्र नियमित सञ्चालन गर्ने गराउने ।

ख) अध्यक्षको निर्देशनमा व्यवस्थापन समितिको बैठक बोलाउने ।

ग) केन्द्रको कोष जिम्मा लिने र केन्द्रको सम्पत्तिको सुरक्षा गर्ने ।

घ) अभिभावकसँग नियमित छलफल र बैठक बोलाउने ।

ङ) केन्द्रका अभिलेखहरु अध्यावधिक गरी राख्ने ।

च) बालबालिकाको नियमितताका लागि अभिभावकसँग समन्वय गर्ने ।

छ) गाउँपालिकासँग नियमित समन्वय र सम्पर्क राख्ने ।

ज) गाउँपालिकाबाट दिएका निर्देशनहरु पालना गर्ने ।

झ) अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गर्ने ।

ञ) प्रारम्भिक बालविकास कार्यक्रमको प्रचारप्रसार गर्ने ।

## १४. सहजकर्ताको आचरण

सहजकर्ताको आचरण देहाय बमोजिम हुनेछ ।

क) कार्यमा नियमितता

ख) स्पष्टवक्ता र मृदुभाषी

ग) बालमनोविज्ञान प्रति सजग

घ) बालमैत्री र मनोरन्जनात्मक कक्षा सञ्चालन गर्ने ।

ङ) पेशाप्रति आस्थावान

च) अनुशासित

छ) सबै अभिभावकको विश्वास जित्न सफल तथा बालअधिकारको सम्मान गर्ने ।

## १५. सहजकर्ताको पारिश्रमिक र विदा

सरकारी अनुदानमा संचालित र सामुदायिक विद्यालय मातहतका केन्द्रका बालविकास शिक्षक/ सहजकर्ताको पारिश्रमिक तोकिए बमोजिम हुनेछ । बालविकास शिक्षक/ सहजकर्ताले सामुदायिक विद्यालयका अस्थायी वा करार शिक्षक सरह विदा पाउनेछन् ।

## १६. बालविकास शिक्षक/ सहजकर्ताको सरुवा सम्बन्धी व्यवस्था

१. सरकारी अनुदानमा संचालित केन्द्रका सहजकर्ताले सरुवा भई आउन चाहेको विद्यालय/केन्द्रको व्यवस्थापन समितिको सहमति र सरुवा भई जान दिने विद्यालय/केन्द्रको व्यवस्थापन समितिको सहमति र सम्बन्धित वडाको सिफारिस लिई आएमा गाउँ शिक्षा समितिले सरुवा गर्न सक्नेछ ।अन्य व्यवस्था सामुदायिक विद्यालयका अस्थायी, करार वा गाउँपालिका स्वयमसेवक शिक्षक सरह नै हुनेछ ।

२. उपदफा (१) मा जुनसुकै कुरा उल्लेख गरिएको भएता पनि विशेष कारणवश सहजकर्ताको सरुवा गर्न आवश्यक परेमा गाउँ शिक्षा समितिले गाउँपालिकाभित्र जुनसुकै अर्को केन्द्र वा विद्यालयमा निजको सरुवा गर्न सक्नेछ ।

## १७. उमेर हद

बालविकास शिक्षक/सहजकर्ताको उमेर ६० वर्ष पूरा भएमा सेवाबाट स्वत अवकाश हुनेछ। अन्य ब्यवस्थापन सामुदायिक विद्यालयका अस्थायी, करार वा गाउँपालिका स्वयमसेवक शिक्षक सरह हुनेछ ।

परिच्छेदः- ५

१८. **धरौटी रकम राख्नुपर्नेः** १) गाउँपालिका वा सरकार वाहेक कसैले केन्द्र सञ्चालनको अनुमति लिदा सञ्चालनको सुरक्षण वापत देहाय बमोजिमको रकम धरौटीको रुपमा राख्नुपर्नेछ । प्रारम्भिक बाल विकास केन्द्रका लागि रु. १५,०००।— (पन्ध्र हजार रुपैया मात्र) ।

२) धरौटी रकम नेपाल सरकारबाट "क" वर्गको अनुमति प्राप्त बैंकमा मुद्दती खाता खोलीराख्नु पर्नेछ । खाता सञ्चालन विद्यालय/केन्द्र व्यवस्थापन समिति र केन्द्रको संरक्षक/कर्मचारीको (कम्तिमा दुई जना) संयुक्त दस्तखतबाट सञ्चालन गर्नु पर्नेछ ।

३) मुद्दती खाताको ब्याज वापतको रकम केन्द्रले नियमानुसर खर्च गर्न पाउनेछ ।

४) दफा (१) मा जुनसुकै कुरा उल्लेख गरेको भएता पनि सरकारी तथा सामुदायिक बालविकास केन्द्र खोल्ने अनुमति लिदा कुनै पनि धरौटी लाग्ने छैन ।

१९. **दर्ता शुल्कः** केन्द्र दर्ता गर्दा देहाय बमोजिमको शुल्क लाग्नेछ ।

क) निवेदन शुल्क रु. १०००।— (एक हजार रुपैया मात्र) ।

ख) अनुमति/दर्ता शुल्क रु १०,०००।— (दश हजार रुपैया मात्र) ।

अन्य व्यवस्था गाउँपालिकाबाट स्वीकृत बार्षिक कर आदी तिरेको हुनुपर्नेछ ।

२०. **शुल्क सम्बन्धी व्यवस्थाः** १) निजी लगानीमा संचालित केन्द्रले शैक्षिक सत्र सुरु हुनभन्दा एक महिना अगावै वडा कार्यालयको सिफारिसमा शुल्क प्रस्ताव गरी गाउँपालिकामा पेश गर्नुपर्नेछ ।

२) केन्द्रले गाउँपालिकाले तोके बमोजिम शुल्क लिनुपर्नेछ । यस प्रयोजनका लागि गाउँ शिक्षा समितिले केन्द्रलाई निश्चित बनाई क,ख वा ग वर्गमा विभाजन गर्न सक्नेछ।

२१. **प्रगति विवरण पेश गर्नुपर्नेः** १) केन्द्रले प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र निम्न लिखित कागजात सहित बार्षिक प्रगति विवरण गाउँपालिकामा पेश गर्नुपर्नेछ ।

- लेखापरीक्षण प्रतिवेदन
- निजी लगानीमा सञ्चालित केन्द्रका लागि व्यवसाय नविकरण प्रमाणपत्रको प्रतिलिपि
- निजी लगानीमा सञ्चालित केन्द्रका लागि कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि
- बालबालिकाको विवरण
- कार्यालयले तोकेको अन्य विवरण

## परिच्छेदः- ६

२२. **तालिम सम्बन्धी व्यवस्थाः** बालविकास केन्द्र र विद्यालयमा कार्यरत बालविकास शिक्षक/सहजकर्ताका लागि गाउँपालिकाबाट सशुल्क/निशुल्क देहाय बमोजिमको तालिम कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।

क) सेवा प्रवेश तालिमः नवनियुक्त बालविकास शिक्षक/सहजकर्ताको लागि एक हप्ताको सेवा प्रवेश तालिम

ख) आधारभूत तालिमः बालविकास शिक्षक/सहजकर्तालाई एक महिनाको आधारभूत तालिम

ग) पूनर्ताजगी तालिमः आधारभूत तालिम पूरा गरेका सहजकर्तालाई पेशागत दक्षता अभिवृद्धिका लागि पूनर्ताजगी तालिम ।

घ) नेपाल सरकारबाट मान्यता प्रप्त संस्थाबाट लिएको बालविकास सम्बन्धी तालिमलाई तालिमका रुपमा लिन सकिनेछ ।

## २३.निरीक्षण र अनुगमन सम्बन्धी व्यवस्थाः

क) गाउँपालिकाबाट प्रत्येक महिना केन्द्रको नियमित निरीक्षण तथा अनुगमन गर्नुपर्नेछ ।

ख) केन्द्र ब्यवस्थापन समितिले केन्द्रको नियमित अनुगमन गर्नुपर्नेछ ।

ग) मातृ विद्यालयले नियमित रुपमा केन्द्रको अनुगमन र निरीक्षण गर्नुपर्नेछ ।

घ) गाउँपालिकाले सूचक सहितको केन्द्र अनुगमन फारमको विकास गर्न सक्नेछ ।

## परिच्छेद- ७

२४. **केन्द्रको कोषः**१) यो कार्यविधि जारी हुँदाका बखत सञ्चालनमा रहेका सामुदायिक रुपमा सञ्चालित बालविकास केन्द्र बाहेक प्रत्येक केन्द्रको नाममा एउटा कोष रहनेछ

क) नेपाल सरकार, प्रदेश सरकार र गाउँपालिकाबाट प्राप्त अनुदान

ख) विभिन्न सरकारी तथा गैरसरकारी निकाय/संघसस्थाबाट प्रप्त हुने अनुदान

ग) दान दातव्य र चन्दाबाट प्राप्त रकम

घ) अभिभावकबाट प्राप्त हुने सहयोग शुल्क वा अन्य रकम

ङ) केन्द्रको चल अचल सम्पति, भाडाबाट प्राप्त रकम

च) केन्द्रको नाममा भएको खातामा हुने व्याज रकम

छ) दातृ संस्था/ समुदायबाट प्रप्त रकम

ज) अन्य वैधानिक स्रोतबाट प्राप्त रकम

२) उपदफा १ मा जुनसुकै कुरा उल्लेख गरिएतापनि सार्वजनिक विद्यालयमा सञ्चालित केन्द्रको खाता सञ्चालन तथा कोष व्यवस्थापन विद्यालय कोषबाट हुनेछ ।

२४. **केन्द्रको कोष परिचालनः** केन्द्रको उद्देश्य अनुसार केन्द्र व्यवस्थापन समितिले निर्णय गरे बमोजिम कोषको परिचालन हुनेछ ।

२५. **केन्द्रको बैंक खाता सञ्चालनः** सरकारी तथा सामुदायिक बालविकास केन्द्रको बैंक खाता सो केन्द्रको व्यवस्थापन समिति अध्यक्ष र सहजकर्ताको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ।

२६. **केन्द्र बन्द हुँदाको बखत सम्पत्ति हस्तान्तरणः** सरकारी तथा सामुदायिक बालविकास केन्द्रको नाममा जम्मा भएको रकम सोही केन्द्रको सम्पत्ति मानिनेछ ।तर केन्द्र सञ्चालन हुन। नसकी बिचैमा बन्द भएमा उक्त केन्द्रको सम्पत्ति गाउँपालिकाको गाउँ शिक्षा समितिले निर्णय गरी नजिकको केन्द्र वा सामुदायिक विद्यालयलाई हस्तान्तरण गर्न सक्नेछ ।सो सम्बन्धमा कुनै विबाद उत्पन्न भएमा गाउँ कार्यपालिकाको निर्णय अन्तिम हुनेछ ।

२७. **लेखापरीक्षणः** १) प्रारम्भिक बाल विकास केन्द्रले प्रचलित कानुन बमोजिम आय व्ययको लेखा राख्नुपर्नेछ । प्रचलित कानुन बमोजिम आय व्ययको लेखापरीक्षण गर्नु/गराउनु पर्नेछ ।

२) केन्द्रले गाउँपालिकाले नियुक्त गरेको लेखा परीक्षकबाट लेखा परीक्षण गराउनु पर्नेछ ।

## परिच्छेद- ८

२८. **आवद्दताः** १) सरकारी अनुदानमा समुदायमा आधारित बालविकास केन्द्र नजिकको सार्वजनिक विद्यालयसँग अनिवार्य आवद्द हुनु पर्नेछ ।

२९. **केन्द्र बन्द हुने समयः** १) अन्यत्र जुनसुकै कुरा उल्लेख गरेको भएतापनि विदाको दिन बाहेक एक शैक्षिक सत्रमा केन्द्र व्यवस्थापन समितिले बढिमा ४५ दिन केन्द्र बन्द गर्न सक्नेछ। अन्य व्यवस्था सामुदायिक विद्यालय सरह नै हुनेछ ।

३०. **दैनिक सञ्चालन समयः** १) प्रारम्भिक बाल विकास केन्द्रको सञ्चालन समय बालबालिकाहरुका लागि बिहान १० बजेदेखि बेलुका ३ बजे सम्म हुनेछ । अन्य व्यवस्था सामुदायिक विद्यालय सरह नै हुनेछ ।

३१. **केन्द्रको न्यूनतम मापदण्डः** १) यस कार्यविधिमा अन्यत्र उल्लेख भएका देखि अतिरिक्त केन्द्रको न्यूनतम मापदण्ड देहाय बमोजिम हुनेछ ।

क) केन्द्र बालबालिकाको घरबाट २०-३० मिनेटको पहुँचमा हुनु पर्नेछ ।

ख) बालबालिकाको लागि कम्तिमा एक जनाको लागि दुई वर्गमिटर क्षेत्रफल पुग्ने कोठा र कोठाको उचाई नौ फिट ,उज्यालो हुनु पर्नेछ ।

ग) केन्द्र अनिवार्य भुईतलामा चलेको हुनुपर्ने र पूर्ण रुपमा सुरक्षित हुनुपर्नेछ ।

घ) ठिक तापक्रम, दोहोरो हावा बहने र शान्त कक्षा कोठा हुनुपर्नेछ ।

ङ) बालबालिकाको उमेर सुहाउँदो शौचालय हुनुपर्नेछ ।

च) केन्द्रमा सफा र सुन्दर वातावरण हुनुपर्नेछ ।

३२. अतिरिक्त क्रियाकलाप संचालनः १) केन्द्रले प्रत्येक दिन बालविकास सम्बन्धी खेल तथा अन्य गायन,नृत्य, चित्रकला जस्ता अतिरिक्त क्रियाकलाप अनिवार्य रुपमा गराउनु पर्नेछ ।

## परिच्छेद- ९

३३. **स्वीकृत पाठ्यक्रम र पाठ्यपुस्तक प्रयोग गर्नुपर्नेः** केन्द्रले बालबालिकाको सर्वाङ्गिण विकासका लागि नेपाल सरकार, पाठ्यक्रम विकास केन्द्र र गाउँपालिकाबाट स्वीकृत पाठ्यक्रम, पाठ्यपुस्तक तथा सन्दर्भ सामग्रीहरु प्रयोग गर्नुपर्नेछ ।

३४. **केन्द्र बन्द वा समायोजनः** केन्द्रमा न्यूनतम दश जना भन्दा कम विद्यार्थी भएमा वा कुनै कारणवश बन्द गर्नुपर्ने भएमा गाउँ शिक्षा समितिले केन्द्र बन्द गर्न वा केन्द्रलाई अन्य कुनै विद्यालयमा समायोजन गर्न सक्नेछ ।यसरी बन्द वा समायोजन भएका सरकारी अनुदानमा सञ्चालित केन्द्रमा कार्यरत सहजकर्ताको दरबन्दि गाउँपालिकाको पूल दरबन्दि कायम गरी अन्य केन्द्र तथा विद्यालयमा कामकाजमा खटाउन सकिनेछ ।

३५. **समुदायमा आधारित केन्द्र व्यवस्थापनः** समुदायमा आधारित केन्द्रलाई विद्यालयमा समायोजन गर्दै लैजाने नीति अवलम्बन गरिनेछ ।कुनै कारणवश विद्यालयमा कार्यरत बालविकास सहजकर्ताको पद रिक्त भएमा सो रिक्त पदमा समुदायमा आधारित केन्द्रलाई प्राथमिकता दिई समायोजन गरिनेछ ।

३६. **यस कार्यविधि बमोजिम हुनेः** यस कार्यविधिमा उल्लेखित कुराहरु यसै बमोजिम र अन्य कुराहरु प्रचलित कानुन बमोजिम हुनेछ ।

**३७. बाधा अड्काउ फुकाउनेः** यस कार्यविधिको कार्यान्वयनमा कुनै विवाद वा कुनै प्राविधिक समस्या उतपन्न भएमा बाधा अड्काउ फुकाउने अधिकार गाउँपालिकालाई हुनेछ ।

**३८. संशोधन गर्न सकिनेः** यो कार्यविधिलाई आवश्यकता अनुसार समयानुकुल बनाउन कार्यपालिकाबाट संशोधन गर्न सकिनेछ ।

# अनुसूची- १

## परिच्छेद (२) बुँदा ३ (१) संग सम्बन्धित

## केन्द्र सञ्चालनका लागि दिईने निवेदनको ढाँचा

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,
दिप्रुङ चुइचुम्मा गाउँपलिका, खोटाङ ।

विषयः- प्रारम्भिक बालविकास केन्द्र सञ्चालन अनुमति सम्बन्धमा ।

शैक्षिक शत्र ............देखि प्रारम्भिक बाल विकास केन्द्र सञ्चालन गर्न अनुमति पाउन अभिभावक तथा समुदाय/केन्द्र व्यवस्थापन समितिको मिति ..............को निर्णय अनुसार देहायको विवरण कागजात संलग्न गरी यो निवेदन पेश गरेको छु/छौ ।

क) प्रस्तावित केन्द्रको-

१.नामः

२.ठेगानाः

३.फोन नः

४.सेवा पुर्याईने बालबालिकाको संख्याः

ख) सञ्चालनका लागि जिम्मेवारी लिने वा आवद्दता दिने केन्द्रको-

१) भवनः

अ) कोठाः

आ)कच्ची वा पक्कीः

इ) भाडा/आफ्नै/सार्वजनिक

ई) के ले बनेकोः

ग) फर्निचरको विवरणः

अ) मेच संख्याः

आ)टेबल संख्याः

इ) बेन्च/डेस्क संख्याः

घ) खेलमैदान र त्यसको क्षेत्रफलः

अ) आफ्नैः

आ)अन्य/भाडामाः

ङ) शौचालयको अवस्थाः कच्ची/पक्की/संख्याः

च) खानेपानिको व्यवस्था भए/नभएको/प्रयास/अप्रयासः

छ) पाठ्यसामग्रीको नाम रसंख्याः

ज) आर्थिक विवरणः चल/अचल सम्पत्ति/अन्यः

झ) आम्दानी स्रोतको व्यवस्थाः

माथि लेखिएको विवरण ठीक साँचो हो, झुठो ठहरे कानुन बमोजिम सहुँला बुझाउँला ।

निवेदकको नामः

सहीः

संस्थाको छापः

मितिः

संलग्न कागजातः

१) भवन खेलमैदान सम्बन्धी प्रमाण, कागजात र विवरण

२) संस्थाबाट सञ्चालन गर्ने भएमा संस्था दर्ताको प्रमाणपत्रको प्रतिलिपि र नियमानुसारको नविकरण र लेखा परीक्षण प्रतिवेदन

३) आपसी सहयोग समुहबाट निवेदन गरिएको भए त्यस्तो समुहको बैठकको निर्णय

४) कुनै केन्द्र संग आवद्द गरी सञ्चालन गर्न खोजिएको भए सो केन्द्रको सिफारिस

# अनुसूची- २

## परिच्छेद (२) बुँदा ३ (१) र (२) सँग सम्बन्धित

## केन्द्र सञ्चालनका लागि दिईने अनुमतिको ढाँचा

श्री.....................
....................... (केन्द्रको नाम)
.........................(ठेगाना)

विषयः- प्रारम्भिक बाल बिकास केन्द्र सञ्चालन गर्न अनुमति प्रदान गरिएको ।

तपाँईले/ तहाँ संस्थाले प्रारम्भिक बाल विकास केन्द्र सञ्चालन गर्न यस गाउँपालिकाको कार्यालयमा दिएको निवेदन उपर कार्वाही हुँदा शैक्षिक शत्र ................ देखी सामुदायिक/संस्थागत रुपमा प्रारम्भिक बाल विकास केन्द्र सञ्चालन गर्न गाउँ शिक्षा समितिको ................गतेको निर्णय बमोजिम यो अनुमति प्रदान गरिएको छ ।प्रचालित ऐन, कानुन पालना गरी केन्द्र सञ्चालन गर्न अनुरोध छ ।

कार्यालयको छापः

अनुमति प्रदान गर्ने अधिकारीको
नामः
पदः
मितिः

आज्ञाले
मोहन कृष्ण प्रसाद सेठ
प्रमुख प्रशासकीय अधिकृत